# बासुकी कुण्डका नागनागिनी

-जीतबहादुर मानन्धर

मेष संक्रान्तिको दिन फर्पिङ्को बासुकी कुण्डमा नागनागिनी राख्ने चर्चा धेरै पहिलेदेखि सुन्दै आएको थिएँ । यो कार्य वर्ष बिराएर सम्पन्न पारिने भन्ने पनि नसुनेको होइन । तर श्री कन्हैयालाल चखूँको गोरखापत्र शनिवारीय परिशिष्टमा प्रकाशित 'उपत्यकाका ऐतिहासिक पोखरीको नालीबेली' शीर्षक लेखमा भने "अहिलेसम्म पनि प्रत्येक तीन वर्षमा नागपञ्चमीको दिन ठूलठूला दुईवटा रूखहरूलाई नागराज बासुकीको जोडी मानेर पूजा एवं जात्रा गरिसकेपछि कुण्डमा फाल्ने चलन कायम नै छ" भन्ने उल्लेख भएको रहेछ । त्यसैले कुन चाहिँ दिन सत्य भन्ने पत्ता लगाउन विक्रम संवत् २०५७ साल लागेको दिन म फर्पिङ्ग गएँ । शिखरेश्वरको फेदमा रहेको दहलाई बासुकी कुण्डको नाउँबाट पुकारिने हुँदा सबभन्दा पहिले शिखरेश्वर (शेषनारायण स्थान) को परिसरमा केही भइरहेको छ, छैन हेर्न र शेषनारायणको दर्शन गर्न त्यहीं ओर्ले । अनि सिढी चढ्दै गर्दा त्यहाँ बढार्ने काममा लागेकी एक बृद्धा कुसलेलाई नागनागिनी सम्बन्धमा पूछताछ गरिएकोमा '३ वर्षमा एक पटक यहीँ राख्न ल्याइने, यस पटक ३ वर्ष भएको, म बजारतिरबाट भर्खर आउँदै गरेकी तर किन हो कुन्नि त्यहाँ कुनै चलहपहल देखिइएको छैन' भन्ने जवाफ एकै सासमा दिइन् । ती कुराहरू सुन्दा म एकदमै अन्योलमा परें । कसैले २ वर्षमा एक पटक, कसैले ३ वर्षमा एक पटक त कसैले नागपञ्चमीको दिन त फेरि कसैले बैशाख संक्रान्तिको दिन नागनागिनी राखिने भनेको र बजारमा केही शुरूआत नै नभएको भन्ने सुनेको तर आफूलाई भने साँझको एक कार्यक्रममा सरिक हुन छिटै काठमाडौं फर्कनु पर्ने हुँदा त्यसरी अन्योलग्रस्त हुन पुगेको थिएँ ।

शिखरेश्वरको दर्शन गरी त्यहाँबाट बजार गएँ । थथेप टोलमा रहनु भएका चिरपरिचित पूर्व जिम्मावाल मुखिया कहाँ गएँ । भेट्नासाथ यसपालि बासुकी कुण्डमा नागनागिनी राखिने हो, होइन भनी सोद्धा हो भन्नु भएको मात्र होइन; त्यस कार्यक्रमको क्रममा हिजो सल्लाका दुई अजङ्गका रूख ढालिसकेको भन्ने समेत जानकारी वहाँबाट प्राप्त भयो । कुरा गर्दै जाँदा गएको वर्षमा नै सो काम सम्पन्न पारिनु पर्ने तर यस पटक गर्ने भएकोले नागनागिनी राख्ने काम ३ वर्षमा हुने भन्ने भान पर्न गएको कुरा पनि उल्लेख गर्नुभयो । गत वर्ष दक्षिणकालीको १२ वर्षे नृत्यमा रक्त बेताल भई संलग्न हुनु पर्ने हुँदा आफू बेफुर्सदी हुन गएको र नागनागिनी राख्ने काम सञ्चालन गर्न शिखरेश्वरका ब्राह्मण पुजारी लगायत अन्य केही व्यक्तिहरूलाई अनुरोध गर्दा समेत हुन सकेन भन्ने वहाँको थप भनाइ थियो । अहिले कुनबेला, कहाँबाट नागनागिनी रूपी सल्लाका रूखहरू

ल्याइन्छ भन्ने जिज्ञासा राख्दा पूर्व जि.मु. श्री गणेशलाल मानन्धरले सबै टोलका मानिसहरू बटुलेर लैजानु पर्ने, तानेर ल्याउने काम अलि अबेला नै होला भन्नु भएपछि मेरो स्थलगत अध्ययनले पूर्णता हासिल गर्न नपाउने देखियो ।

अरू २ घण्टा जति फर्पिङ्गमा रहन सक्ने हुँदा श्री मानन्धरलाई सल्लाका नागनागिनी रहेको जङ्गलमा आफूलाई लैजान आग्रह गरियो । नागनागिनी तानेर ल्याइने बाटो एवं खेतका कान्ला कान्ला हुँदै दक्षिणकाली पीठभन्दा वरै पौच (भुँडे) गणेशको डाँडास्थित सल्लाको जङ्गलमा पुग्यौं । त्यहाँ दुई वटा लामा सल्लाहरू ढालिराखेको, दुइटैमा डोरी राखी तान्न हुने गरी नाथ्रो सदृश प्वाल पारिराखेको र तिनीहरूमा प्यूरीको नाग बनाई चढाइराखेको देखें । नागिनी रूख ढाल्नुअघि कुखुराको फुल १ सहित अम्मय् (मासु, माछा, लसुन, छयापी, बारा आदि) भाग तथा नाग रूखलाई भने पञ्चामृत मात्र राखी पूजा गरिएको भन्ने थाहा पाएँ । वहाँको मुताविक पहिले, पहिले दक्षिणकालीभन्दा पारी धेरै पर धनुकेको जङ्गलबाट नागनागिनीका रूखहरू तानेर ल्याउनु पर्ने, काङ्ला फल्ने रूखलाई नागिनीको रूपमा व्यवहृत गरिने, वि.सं. २०२१ सालदेखि नागनागिनी तान्न लगाउने काम गर्दै आएको, यसमा कुनै आयस्ता नभएपनि आफूमा सांस्कृतिक रूचि भएबाट सो काम सम्हाल्दै आएको आदि भन्ने छ । नागनागिनी रूपी सल्लाका रूखहरूलाई ढाल्न बञ्चरोले पहिलो बार हान्ने काम पुतवारहरूले गर्नु पर्ने र यस पटक सो काम यल्खु टोल निवासी बुद्धिमान पुतवारले गरेको रहेछ । फर्पिङ्गे थकू जुजु (ठकुरी वंशका राजा) का रैती मानिएका महर्जनहरू अर्थात् भों द्यः (नवदुर्गा) का गुठियारहरूले रूख ताछ्ने काम गर्छन् र फर्पिङ्ग सातै टोलका निवासीहरूले अहिले पनि नागनागिनी तान्ने गर्दै आएका छन् । अघि द्वारेको व्यवस्था कायम रहेको बखत बैशाख संक्रान्ति भन्दा १ दिनअघि कसाईहरूद्वारा नागनागिनीहरू तान्न आउनु अन्यथा शेषनारायणको द्रोह गरेको ठहर्ला भन्ने प्रकारको झ्याली पिटाइने प्रचलन अहिले आएर बन्द भैसकेको छ । तिनीहरूले खाइपाई आएको खान्गी द्वारे प्रथा हटेपछि नपाएको कारण उक्त काम छोडेको भन्ने बुझिएको छ ।

मलाई जानकारी दिने क्रममा फर्पिङ्ग सात टोलमध्ये तिपि टोल, कोछु टोल तथा कोटाल टोलका मानिसहरूले नागराजा र अरू बाँकी टोलहरू- थल्खु, यल्खु, थथेप एवं कोर्प (कोथेप) का निवासीहरूले नागिनी तान्ने चलन भएको कुरा गणेशलालजीले बताउनु भएको थियो । साथै वहाँका अनुसार तानेर ल्याइएका दुवै नागनागिनीहरू थल्खु टोलको ढोकामा पुऱ्याइएपछि हरित नागनागिनी चित्रण गरिएका २ गोल्फुमा पञ्चामृत राखी पूजा गरिने र अनि तिनै गोल्फुमाथिबाट नागनागिनी तानेर लगिने प्रचलन रहेछ । त्यस्तै उग्रचण्डी भगवतीस्थानमा ल्याइपुऱ्याइएपछि रातो नागनागिनी चित्राङ्कित २ गोल्फुमाथिबाट, निम ढोका पुऱ्याइएपछि पहेंलो नागनागिनी अङ्कित २ गोल्फुमाथिबाट, गोलबहाल पुऱ्याइएपछि कालो नागनागिनी लेखिएको २ गोल्फुमाथिबाट तानेर लगि शिखरनारायण डाँडोको फेदमा अवस्थित बासुकी कुण्डमा ल्याइपुऱ्याइएपछि सेता नाग र नागिनी चित्राङ्कित २ गोल्फुमा पञ्चामृत राखी प्राचीन विधि बमोजिम नारायणका पुजारीद्वारा पूजा हुन्छ । पूजापरान्त सल्लाका रूखहरू दहमा राखिने तर तिनीहरू मकी, सडी, गली जान धेरै समय लाग्ने हुँदा अचेल पनि थुप्रै सल्लाका बोटहरू जल समाधिमा रहिरहेको जो कसैले पनि देख्न सक्छ ।

माणिग्लाधिपति महाराजाधिराज श्री श्री वीर जय योग नरेन्द्र मल्लले व्यवस्था गरेको शिखरनारायण सम्वन्धी थरि थरिका कामहरू (परिपाटी) बारे माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय बीर नरसिंह मल्ल देवले जारी गरेको ताम्र पत्रमा धेरै विषय बस्तुको अतिरिक्त गुठीको लागि राज्यद्वारा समर्पित भूमि जग्गाको उल्लेख गरिएको पाइन्छ । दुवै राजपुरूषका मोहर समेत अङ्कित पुजारीलाई दिइराखेको ने. सं. ८२९ आषाढ कृष्ण एकादशी तिथिको उक्त ताम्र पत्रमा नागनागिनीको विषयका भने प्रत्यक्ष रूपले इङ्गित गरिएको छैन । तर पनि तत्सम्बन्धमा परोक्ष रूपले बोधगम्य हुने खालका केही तथ्यहरू त्यसमा परेका छन् । ताम्रपत्रको करीब करीब आधाआधीमा परेका केही अभिलिखित विवरणहरू पढ्दा विश्लेषणात्मक अध्ययनको निमित्त सहायक हुने देखिंदा यहाँ उद्धृत गर्ने काम गरिन्छ :-

"........स्वयंवूस पञ्चामृत पूजा घेल चाकू छाय ॥ थ्व नं सति गोरषनाथ पूजा ॥ फाल्गुण शुक्ल चतुर्दशिकुन्हु दुगुम्हं १ दयकं श्री भवानीस्के पूजा याय माल ॥ पूर्णिमाशिकुन्हु पञ्चामृतादि अवीर फूयल माध्य स्वयंवूस छाय ॥ ताँ छूय ॥ मेष संक्रान्ति न्हेथू कुन्हु दँहँ यिय, हिति सख्वालन पाय, हिति अविछिन्न हायके माल ॥ ......" भावार्थ) माघे संत्रान्तिको

दिन .... "स्वयम्भूमा घिउ चाकु चढाई पञ्चामृत पूजा गर्ने ॥ त्यसको भोलिपल्ट गोरखनाथ कहाँ पूजा ॥ फाल्गुण शुक्ल चतुर्दशीको दिन बोका सहित श्री भवानीलाई पूजा गर्ने ॥ पूर्णिमाको दिन पञ्चामृत, अबीर, फूल आदि स्वयम्भूलाई चढाउने ॥ फङ्के हाल्ने ॥ मेष संक्रान्तिको अघिल्लो दिन दह सफा गर्ने, धारामा चून हाली पोत्ने, धारा अविछिन्न रूपले बगिरहने तुल्याउने ॥"

ताम्रपत्रमा परेको शब्द "स्वयम्भू" ले शिखरनारायण मन्दिरभित्र नारायण समीप दाहिने विराजमान स्वयं प्रकटित नृसिंह भगवान्लाई इङ्गित गर्छ भने "भवानी" ले नृसिंहकी शक्ति 'स्वरूपा हाल चामुण्डा (संभवतः पहिले, पहिले नारसिङ्गी नामबाटै पुकारिने) भनी प्रसिद्धि पाएकी देवीलाई जनाउँछ । मुख्य त 'तां छूय' अर्थात् 'फङ्के हाल्ने' भन्ने वाक्यांश नै नागनागिनीसंग सम्बन्धित प्रतीत हुन्छ । हुनत ताम्रपत्रको मूल प्रति हेर्न नपाएको र केवल सारिराखेको नक्कल प्रति मात्र देखेको हुँदा 'ताँ छूय' को अगाडि केही तिथिमिति भएकोमा सार्दा मात्र कहीँ छुट्न गएको हो कि भन्ने पनि शंका उठ्छ । तर ताम्रपत्रमा फाल्गुण शुक्ल पूर्णिमाको उल्लेखपछि तिथिमितिको रूपमा मेष संक्रान्तिको अघिल्लो दिन भनी जिकिर भै रहेको देखिंदा बैशाख संक्रान्तिको दिन बासुकी कुण्डमा नागनागिनी भनी हालिने २ सल्लाका रूखहरूबाटै फङ्केको काम लिइएको अनुमान गर्न सकिन्छ । फर्पिङ्गका पुतवारहरूले ढाल्ने र महर्जनहरूले ताछ्ने काम गरेर फङ्केको लागि तयार पारिएका सल्लाहरू २ वर्षभन्दा बढी समय टिकाउ नहुने ठानेर नै होला वर्ष बिराएर कुण्डमा नागनागिनी राख्ने गरिआएको ।

फर्पिङ्ग भेकमा बासुकी कुण्डका नागनागिनी विषयमा एउटा लोकोक्ति प्रचलित छ। संभवतः नागको कुनै अवयवसंग सम्बन्धित शब्दबाटै फणापि अर्थात् फर्पिङ्ग शब्द व्युत्पत्ति भएको हुन सक्ने त्यस ठाउँमा शिखरेश्वरले अधिष्ठाता देवताको मान्यता पाइरहेको प्रारम्भिक कालमा दैनिक पूजाको लागि आवश्यक पर्ने पवित्र पानी पाउन अत्यन्त कठिन थियो । कारण, त्यहाँ पहिले अहिलेको जस्तो कुण्ड थिएन । एकताका नाबालक एवं अपाङ्ग ब्राह्मण केटो पुजारी भैरहेको बखत आमा चाहींले उनलाई बोकेर पूजाको लागि ल्याउने, लैजाने गर्दथ्यो । पवित्र पानीको लागि हाल इन्द्रायणी पीठ रहेको स्थान समीप बगिरहेको होंडु खोलासम्म डाँडाकाँडा पार गरी जङ्गलको बाटो जानु पर्दथ्यो । दिनहुँ यस्तै प्रकार दुःख, कष्ट भेलेर शिखरेश्वरको नित्य नैमित्तिक पूजा कर्ममा संलग्न हुनु पर्दा विधवी ब्राह्मणीलाई असह्य वेदना हुन्थ्यो, अनि तिनी बराबर रून्थिन् । एक दिन त तिनी भक्कानो छुट्ने गरी रून थालिन् । क्षीर सागरमा शयन गर्ने नारायणको सेवारत हामीले पानीको दुःख सहनु पर्ने यो कस्तो विडम्बना भनी ब्राह्मणी छाती पिटी, पिटी रून थालिन् । भगवान् नारायणलाई पनि तिनीमाथि दया जागेछ । शिखरेश्वरको डाँडोको फेदमा अविरल पानीको मूल फुटाई एक दहको सिर्जना तत्काल गरिदिनु भयो । ब्राह्मणीलाई आफ्नो भक्तिको, आफ्नो पुकारको प्रत्यक्ष प्रतिफल प्राप्त भएकोमा हर्षको पारावार रहेन । तर तिनको हर्ष एकैछिनपछि बिस्मातमा परिणत भयो । कारण, विशाल दह त्यहाँबाट अविरल बगिरहेको शिखरिणी नदी पार गरेर अब ब्राह्मणी घर फर्कन नसक्ने स्थितिमा परिन् । त्यसउसले तिनी किंकर्तव्यविमुढ भइन् र पुनः विव्हल भई रून थालिन् । भगवान्को कृपाले त्यहाँ तिनले कुण्डकै छेउमा एक जोडी विशाल नाग देखिन् । तिनी भयभीत भइन् तथापि नागनागिनीको वन्दना गर्न थालिन् । नागहरूले पनि फङ्केको रूपमा लम्पसार परेर ब्राह्मणी र तिनले बोकेका बालक ब्राह्मणलाई तार्नमा सहयोग पुऱ्याए ।


फनापती, देवीनगर र सुन्दरपुर समेत भनिने फर्पिङ्गका तत्कालका बासिन्दाहरूले दहको उत्पत्ति तथा नदीको उद्गम भएको हेरे, देखे र अनि नागनागिनी सम्बन्धी कुरा सुने । तदुपरान्त फर्पिङ्गका स्थायी निवासीहरू सबै मिलेर सल्लाको बनबाट शीघ्रतिशीघ्र अजङ्गका २ वटा रूखहरू ढाली, ताछी, तानी दहमा ल्याई फङ्केको रूपमा हाली दिए । संभवतः पहिलो 'ताँ छूय' को काम गरेको अर्थात् फङ्के हालेको दिन थियो - बैशाख संक्रान्तिको दिन । तर त्यो कति वर्ष पहिलेको घटना थियो अहिले आएर कसैले सप्रमाण भन्न सकिरहेको छैन । त्यसैले त्यो घटना आज पनि एक किंवदन्तीकै रूपमा मात्र रहन गएको छ ।



नागनागिनी रूपी पुराना सल्लाका रूखहरू जल समाधिमा रहिरहेको



पौच गणेशको जङ्गलमा ढालिराखेको सल्लाको
नागको रूपमा रूख



सोही जङ्गलमा ढालिराखेको सल्लाको
नागिनीको रूपमा रूख